Centre for Disease Control

Mantoux test

*(Nepalese)*

***नदर्न टेरिटोरी सरकार*** ***स्वास्थ्य विभाग***

रोग नियन्त्रण केन्द्र
म्यान्टक्स् परीक्षण
२०१२ मार्च

# म्यान्टक्स् परीक्षण

*(क्षयरोग छाला परीक्षण)*

## किन छाला परीक्षण गर्ने ?

कहिलेकहीँ मानिसहरुलाई क्षयरोग कीटाणुले असर गरेको हुन सक्छ वास्तविक रोग विना । यदि व्यक्तिलाई कुनै पनि बेला क्षयरोग कीटाणुले असर गरेको भएमा म्यान्टक्स् परीक्षण (क्षयरोग छाला परीक्षण) ले देखाउन सक्छ । क्षयरोग असरले व्यक्तिलाई क्षयरोग छ भन्ने अर्थ लाग्दैन तर कसैलाई असर गरेको छ भने भविष्यमा उनीहरुलाई क्षयरोगको विरामी हुन सक्ने सम्भावना हुन्छ ।

## छाला परीक्षण कसलाई आवश्यक छ?

- सक्रिय क्षयरोग भएको कसैको हाल सर्म्पक भएका । परिवार सदस्यहरु, साथीहरु, वा सह-कर्मीहरु हुन सक्छन् ।
- विगतमा उपचार नगरेको क्षयरोग देखाउने छातीको एक्सरे भएकाहरु ।
- रोग निरोध क्षमतामा कमी भएका मानिसहरु जस्तो HIV एच.आई. भि. रोग वा निश्चित स्वास्थ्य अवस्था भएकाहरु ।
- रोजगार कारणको लागि परीक्षण गरिनु पर्ने आवश्यक भएका मानिसहरु वा विद्यालय स्वास्थ्य जाच कार्यक्रम को आंसिक रुपमा गरीनु पर्ने आवश्यक भएका मानिसहरु (यदि उनीहरुलाई पहिला सकरात्मक म्यान्टक्स् परीक्षण भएको छैन भने)।
- BCG ( वि.सि. जी.) दिनु अगाडि ६ महिना भन्दा बढी उमेरका शिशुहरु
- अंग दान गर्न लागेका मानिसहरु ।
- उच्च जोखिम देशमा यात्रा गर्ने मानिसहरु ।

## म्यान्टक्स् परीक्षण

म्यान्टक्स् परीक्षण सरल र सुरक्षित परीक्षण हो । थोरै मात्रको क्षयरोग निर्मल पारिएको प्रोटिन उत्पादक (Tubersol®) एउटा थारो सियो र पिचकारी प्रयोग गरेर व्यक्तिको पाखुरामा छालाको माथिल्लो तह मुनि हालिन्छ । यो छाला प्रतिक्रिया (पुटुल्का) २ देखि ३ दिन पछि मूल्यांकन गरीन्छ र परिणाम रेकर्ड गरिन्छ ।

**संभव अन्य असरहरु**

अन्य असरहरु असामान्य हुन्छन्। तैपनि क्षयरोग कीटाणु देखिएको व्यक्तिलाई कहिले कहीं ठूलो प्रतिक्रिया हुन सक्छ यसले केही असुविस्ता दिन सक्ने छ। यो सुनिएको अवस्था झण्डै दुई हप्तामा हराउनु पर्छ। यो प्रतिक्रिया चिल्याउने हुन सक्छ। पाखुरा नकन्याउनु उचित हुन्छ। चिसो दाबले चिल्याउने कम गर्न मद्दत गर्न सक्छ।

**नकरात्मक परिणामको अर्थ के हुन्छ ?**

यदि पुटुल्का निश्चित आकार भन्दा मुनि रहन्छ भने यो रोग नलागेको परिणाम हो। सामान्यरुपले व्यक्ति लाई क्षय रोग कीटाणुले असर नगरेको यसको अर्थ लाग्छ। तैपनि कहिलेकहीं केही अवस्थामा कसैलाई असर गरेको भएता पनि परिणाम नकरात्मक हुन सक्छ। नकरात्मक परिणाम हुन सक्छ यदि विगत केही हप्तामा क्षय रोगमा देखा परेमा र प्रतिक्रिया हने समय शरिरलाई नभएमा वा यदि शरिरको रक्षा कम्जोरी भै छाला परीक्षणमा प्रतिक्रिया हुन असमर्थ भएमा। यस्तो अवस्थामा जाँच फेरी दोहोऱ्याउनु पर्ने आवश्यक हुन सक्ने छ वा भिन्नै अर्थ लगाईने छ।

**सकरात्मक परीक्षणको अर्थ के हुन्छ ?**

यसको अर्थ व्यक्तिलाई क्षयरोग कीटाणुले असर गरेको जनाउँछ तर उसलाई वा उनीलाई क्षयरोगको बिरामी भएको अर्थ जनाउँदैन। पछिको समयमा रोग परिर्वतन भएर सकिय क्षय रोग नभए सम्म उनीहरुले अरु कसैलाई क्षयरोग सार्न सक्दैनन्।

**व्यक्तिलाई कसरी रोग सरेको हुन सक्छ र क्षयरोग बिरामी भएको हुदैन?**

शरीरमा क्षयरोग कीटाणुहरु प्रवेश गरेपछि धेरै अवस्थाहरुमा शरीर रक्षाले आफूमा काटेको पाप्रा बन्ने पथमा वरिपरी पर्खाल निर्माण गरेर कीटाणुलाई नियन्त्रण गर्छन्। कीटाणुहरु निस्कृय वा अदृश्य अवस्थामा वर्षौ सम्म भित्ता भित्र जीवित रहन सक्छन्। झण्डै ती कीटाणुहरु निदाएको मानौ। कीटाणुहरु निस्कृय भएको बेला कीटाणुहरुले व्यक्तिलाई विरामी बनाउन सक्देनन् र कीटाणुहरुले अरु मानिसहरुलाई सार्न सक्दैनन्। व्यक्तिलाई सरेको छ तर विरामी भएको छैन र प्राय : उनीहरुलाई सरेको छ भन्ने थाहा हुने छैन।

**क्षयरोग के हो ?**

क्षयरोग एउटा संक्रामक रोग हो यसले प्राय: फोक्सोमा असर गर्छ तर शरीरको अन्य भागहरुमा पनि असर गर्न सक्छ। क्षयरोग व्यक्ति बाट व्यक्तिमा हावाद्धारा थोपा असरले सर्दछ। शरिरमा क्षयरोग कीटाणुहरु प्रवेश गरेपछि छिट्टै क्षयरोग हुने संभव हुन्छ यदि शरीर रक्षा कम्जोरी भएमा। शरिर रक्षा कम्जोरी भएको बेलामा निष्कृय क्षयरोग कीटाणुहरुलाई सक्रीय हुन पनि संभव छ। उमेर, गम्भिर रोग, मदुमेह हुने, डरग वा मदिरा दुरुपयोग, वा एच.आई. भि. रोग का कारण यो बर्सौ पछि हुन सक्छ।

**म्यान्टक्स् छाला परीक्षण पढे पछि के हुन्छ ?**

यदि परीक्षण नकरात्मक छ भने अरु परीक्षण गर्नु आवश्यक हुदैन तर केही महिना पछि तपाईलाई अर्को परीक्षण गर्न आवश्यक हुन सक्ने छ , परीक्षणको निम्ति कारणमा निर्भर भएर ।

यदि परीक्षण सकरात्मक छ भने, सक्रिय रोगको संकेत नभएको पक्का गर्न छातीको एक्सरे र शारीरिक परीक्षण गर्न आवश्यक हुन सक्ने छन् । यदि सक्रिय क्षयरोगको संकेतहरु छैन भने चिकित्सकले क्षयरोग हुन नदिने वा क्षयरोग किटाणुहरुलाई जाग्नबाट रोक्न औषधीहरु खाने सम्भावना बारेमा तपाई सँग छलफल गर्ने छन् । औषधी प्रयोग गर्नको फाईदाहरु व्यक्तिको उमेर, स्वास्थ्य, र क्षयरोगको जोखिम भएकोमा भर पर्दछ ।

**अतिरिक्त सूचनाको लागि तपाईको क्षेत्रमा क्षयरोग चिकित्सालयमा सम्पर्क गर्नु होला :**

Alice Springs (आलिस् सप्रिङ्ग) ८९५१ ७५४८

Darwin (डार्विन) ८९२२ ८८०४

Katherine (क्याथ्रिन) ८९७३ ९०४९

Nhulunbuy (हलन्वाइ) ८९८७ ०२८२

Tennant Creek (टेनान्ट क्रिक) ८९६२ ४२५९

अथवा

www.nt.gov.au/health/cdc

रोग नियन्त्रण केन्द्र

नर्दन टेरिटोरी स्वास्थ्य विभाग

२०१२ मार्च

**अतिरिक्त सूचना**

अरु सूचनाको लागि तपाईको क्षेत्रमा क्षयरोग चिकित्सालयमा सम्पर्क गर्नु होला ।

Alice Springs (आलिस् सप्रिङ्ग) ८९५१ ७५४८

Darwin (डार्विन) ८९२२ ८८०४

Katherine (क्याथ्रिन) ८९७३ ९०४९

Nhulunbuy (हलन्वाइ) ८९८७ ०२८२

Tennant Creek (टेनान्ट क्रिक) ८९६२ ४२५९

वा www.nt.gov.au/health/cdc

रोग नियन्त्रण केन्द्र

नर्दन टेरिटोरी स्वास्थ्य विभाग

२०११ मे

**CERTIFICATION OF TRANSLATION**

This is to certify that the foregoing Nepalese text is a true and correct translation of the mantoux test in English to the best of my knowledge and skill, prepared by me on the 29h day of June 2012 at Sydney.

Translated by

Dilip Jang Pun
Nepalese ↔ English
Translator and Interpreter
NAATI Certificate No. 39738

***N.B****. The above-signed, in making this translation, gives no warrant as to the authenticity or otherwise of the source document.*